# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश
### (परीक्षा संचालन तथा व्यवस्थापन शाखा)

टेलिफोन नं :०६१-४६७८७३
वेबसाइट: www.ppsc.gandaki.gov.np
इमेल: gandakipsc2076@gmail.com

पोखरा, नेपाल।


## परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. १३८/०७९-८०, मिति : २०७९/०८/११

**प्रदेश निजामती सेवाका नेपाल कृषि सेवा, नवौं तहका** विज्ञापन नं.१४४/२०७९-८० को प्राविधिक पदमा Online मार्फत दरखास्त फारम भरी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्ने गरी देहायको मिति, समय र परीक्षा भवनहरूमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षार्थीहरु तोकिएको परीक्षा केन्द्रमा **परीक्षा सुरु हुनुभन्दा १ घण्टा अगाडि** नै पुग्नुपर्ने व्यहोरा जानकारी गराइन्छ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू **द्रष्टव्य १ र २** मा तल उल्लेख गरिएको छ।

## लिखित परीक्षा कार्यक्रम

**वि.नं. १४४/२०७९-८० कृषि सेवा, कृषि प्रसार समूह, नवौं तह, वरिष्ठ कृषि प्रसार अधिकृत पदको परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | प्रशासन र व्यवस्थापन सेवा सम्बन्धी सामान्य विषय | विषयगत | २०७९/०९/०१ गते शुक्रबार विहान ८.०० बजे | ३ घण्टा |
| द्वितीय | सेवा सम्बन्धी प्राविधिक विषय | विषयगत | २०७९/०९/०२ गते शनिबार विहान ८.०० बजे | ३ घण्टा |

**परीक्षा भवन**

| क्र. सं. | रोल नं. | | परीक्षा केन्द्र |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | १ | सबै | श्री प्रदेश लोक सेवा आयोग भवन, मुस्ताङचोक |

| ................................ | ................................ | ................................ |
|---|---|---|
| **यम बहादुर राना** | **सिला बराल सापकोटा** | **दामोदर सुवेदी** |
| **(अधिकृत छैटौ)** | **(अधिकृत सातौ)** | **(अधिकृत दशौं)** |



क्रमश...

टेलिफोन नं :०६१-४६७८७३
वेबसाइट: www.ppsc.gandaki.gov.np
इमेल: gandakipsc2076@gmail.com

पोखरा, नेपाल।


**<u>द्रष्टब्यः १</u>**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्यासित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।
३. परीक्षा भवनमा झोला, मोबाइल फोन, क्याल्कुलेटर, स्मार्ट घडी लगायत कुनै पनि विद्युतीय उपकरणहरू लैजान निषेध गरिएको छ ।
४. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन ।
५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
६. परीक्षामा प्रवेशपत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

**<u>द्रष्टव्यः २</u>**

**कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले अनिवार्य रुपमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि आवश्यक खानेपानीको व्यवस्था गर्नु पर्नेछ ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कँदा भिडभाड नगरी एकआपसमा दुई मिटरको दूरी कायम गर्नु पर्नेछ ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।
५, परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
६. कोभिड-१९ बाट सङ्क्रमित परीक्षार्थीहरूका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा सङ्क्रमित परीक्षार्थीले आफू सङ्क्रमित भएको जानकारी आयोगको सम्पर्क नम्बर ०६१-४६७८७३ मा सम्पर्क गरी अग्रिम जानकारी दिनुपर्नेछ ।



क्रमश...